हरियो वन कार्यक्रम

# फेवा वाटरसेड इकोसिष्टम म्यानेजमेण्ट बोर्ड
# कार्यान्वयन समितिको संचालन कार्यविधि, २०७२



USAID FROM THE AMERICAN PEOPLE

WWF

care

Federation of Community Forestry Users, Nepal (FECOFUN)

TRUST FOR NATURE CONSERVATION NEPAL 1982

**प्रकाशन श्रेय**

© डब्लुडब्लुएफ नेपाल

यस पुस्तकको पूर्ण वा आंशिक भागको पुनरुत्पादन गरिएमा शीर्षक उल्लेख गरिनुपर्ने छ र माथि उल्लेखित प्रकाशकलाई सर्वाधिकारको श्रेय दिइनुपर्ने छ ।

**प्रकाशक**
डब्लुडब्लुएफ नेपाल, पोस्ट बक्स नं ७६६०
बालुवाटार, काठमाडौं, नेपाल
फोनः ४४३४८२०, इमेलः hariyobanprogram@wwfnepal.org
वेबसाइटः www.wwfnepal.org/hariyobanprogram

***तस्वीरः*** *डब्लुडब्लुएफ नेपाल, हरियो वन कार्यक्रम/नविन बराल*

***डिस्क्लेमरः***
*यो पुस्तिका अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तु लेखकको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन ।*

## प्रस्तावना

फेवा जलाधार क्षेत्रको दिगो संरक्षण गर्ने कार्यहरुमा सहयोग गर्न गठित फेवा वाटरसेड इकोसिष्टम म्यानेजमेण्ट बोर्डले तयार गरेको वार्षिक योजना तथा उक्त योजना अनुरुप व्यवस्थापन समितिमार्फत तयार भएका कार्यक्रमहरुको छिटो छरितो ढंगले कार्यान्वयनमा सहयोग गर्न आवश्यक भएकोले कार्यान्वयन समिति गठन भएको छ ।

उक्त कार्यान्वयन समितिको संचालन कार्यविधि फेवा वाटरसेड इकोसिष्टम म्यानेजमेण्ट बोर्डले आन्तरिक रुपमा छलफल गरी तयार गरेको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "कार्यान्वयन समितिको संचालन कार्यविधि, २०७२" रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले कार्यान्वयन समितिको संचालन कार्यविधि, २०७२ सम्झनु पर्दछ ।
ख) "बोर्ड" भन्नाले फेवा वाटरसेड इकोसिष्टम म्यानेजमेण्ट बोर्डलाई सम्झनु पर्दछ ।
ग) "समिति"भन्नाले कार्यान्वयन समितिलाई सम्झनु पर्दछ ।

### ३. उद्देश्यहरुः कार्यान्वयन समितिको उद्देश्यहरु देहाय बमोजिम हुनेछन्:

क) बोर्डलाई स्थानीय तहका आवश्यकताहरु पहिचान गरी वार्षिक योजना तर्जूमा गर्नसहयोग पुर्‍याउने ।
ख) स्थानीय घरपरिवार वा संघसंस्थाहरुसँग भएको संझौता अनुरुपका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

### ४. कार्यान्वयन समितिको गठनः

(१) पारिस्थितिकीय सेवा प्रदायकहरु, स्थानीय निकाय र स्थानीय संघसंस्थाहरुको प्रतिनिधित्व हुने गरी १३ जनाको एक कार्यान्वयन समिति गठन गरिनेछ । यस समितिमा रहने गाविस तथा पोखरा उपमहानगरपालिकाका वडाहरु निम्नानुसार रहेका छन् ।
   क) ढिकुरपोखरी गाविस – २ जना (गाविस सचिव सहित)
   ख) कास्कीकोट गाविस – २ जना (गाविस सचिव सहित)
   ग) भदौरे तामागि गाविस – २ जना (गाविस सचिव सहित)
   घ) चापाकोट गाविस – २ जना (गाविस सचिव सहित)
   ङ) पोखरा उपमहानगरपालिका, वडा नं. २५, पुम्दी भुम्दी – २ जना (उपमनपाको वडा प्रतिनिधि सहित)
   च) पोखरा उपमहानगरपालिका, वडा नं. २६, सराङकोट – २ जना (उपमनपाको वडा प्रतिनिधि सहित)
   छ) स्थानीय संघसंस्था – १ जना महिला प्रतिनिधि
(३) समिति बैठकले आफ्नो संयोजक तोक्नेछ ।
(४) उक्त संयोजकको पदावधि २ वर्षको हुनेछ ।
(५) पदेन सदस्य बाहेक अन्य सदस्यहरुको पदावधि पनि २ वर्षको हुनेछ ।

### ५. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः कार्यान्वयन समितिले गर्ने कार्यहरु देहाय बमोजिम हुनेछन्:

(१) सम्झौता अनुरुप कार्यक्रमहरु स्थानीय स्तरमा कार्यान्वयन गर्न सहयोग गर्ने ।
(२) कार्यक्रमहरुको कार्यान्वयनमा प्राविधिक सहयोग जुटाउने ।
(३) समतामुलक लाभांश वितरणको सुनिश्चितता गर्ने ।
(४) वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्ने ।
(५) बोर्डलाई वार्षिक योजना तर्जूमा गर्न सहयोग गर्ने ।

## ६. समितिको बैठक सम्बन्धी व्यवस्था

(१) समितिको बैठकको स्थान, मिति र समय संयोजकले तोक्नेछ ।
(२) समितिको बैठक सामान्यतया महिनाको एक पटक बस्नेछ ।
(३) बैठकको कार्यसूची छलफलद्वारा तय गरिनेछ ।
(४) बैठकको अध्यक्षता संयोजक तथा संयोजकको अनुपस्थितिमा सहमतिको आधारमा कुनै सदस्यले गर्नेछ ।
(५) समितिले कुनै व्यक्ति वा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ र त्यस्तो आमन्त्रित सदस्यको भूमिका आफ्नो विचार राख्ने वा सुझाव दिने मात्र हुनेछ ।
(६) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ७. गणपुरक संख्याः समितिका बहुमत सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

## ८. बैठकको निर्णय

(१) बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।
(२) अध्यक्षता गर्ने व्यक्तिलाई निर्णायक मत दिने अधिकार हुनेछ ।
(३) बैठकको निर्णयसंयोजकले प्रमाणित गर्नेछ ।

## ९. कार्यक्रम कार्यान्वयन प्रक्रिया

(१) स्वीकृत वार्षिक योजनाको आधारमा स्थानीय घरपरिवार तथा संघसंस्थाहरुलाई कार्यक्रम प्रस्तावना पेश गर्न सहयोग गर्नेछ ।
(२) कार्यक्रमको प्रस्तावना छनौट र कार्यक्रम तथा बजेट निर्माणमा व्यवस्थापन समितिलाई सहयोग गर्नेछ ।
(३) संझौता अनुरुप कार्यक्रम कार्यान्वयन गर्न तोकिएको घरपरिवार वा संघसंस्थाहरुलाई सहयोग गर्नेछ ।
(४) कार्यक्रम कार्यान्वयन प्रक्रियामा सामाजिक परिचालन तथा प्राविधिक सहयोग उपलब्ध गराउने छ ।

## १०. कोष सम्बन्धी व्यवस्था

(१) बोर्डको मातहत वा समन्वयमा संचालन हुने कोष नै कार्यान्वयन समितिसँग सम्बन्धित कोष हो ।
(२) उक्त कोषको परिचालन “कोष व्यवस्थापन निर्देशिका”बमोजिम हुनेछ ।

## ११. समितिको कार्यालय

(१) बोर्डको कार्यालय वा सचिवालय नै कार्यान्वयन समितिको कार्यालय हुनेछ ।
(२) बोर्डको लेटर हेड र छाप नै कार्यान्वयन समितिको लेटर हेड र छाप हुनेछ ।

## १२. कार्यविधि संशोधन

(१) बोर्डको बैठकले यस कार्यविधिको कुनै पनि दफा तथा उपदफा संशोधन वा थपघट गर्न सक्नेछ ।
(२) तर उक्त संशोधनको प्रस्ताव भने व्यवस्थापन समितिले प्रस्ताव गर्नु पर्नेछ ।

**डब्लुडब्लुएफ नेपाल**
पोस्ट बक्स नं ७६६०
बालुवाटार, काठमाडौँ, नेपाल
फोनः ४४३४८२०, इमेलः hariyobanprogram@wwfnepal.org
वेबसाइटः www.wwfnepal.org